महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू/अध्यक्षज्यू,
नगर/गाउँ कार्यपालिकाको कार्यालय,

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको सन्देश

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः

मितिः २०७५।१२।०८

श्री प्रमुखज्यू,
थाहा नगरपालिका,
मकवानपुर ।

विषयः**लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट थाहा नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

लेखापरीक्षकको जिम्मेवारी - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु. १करोड ३१ लाख ३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १ लाख ९५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ५१ लाख ६८ हजार, सोधभर्ना हुनुपर्ने रु. ७ लाख ९५ हजार र पेश्की रु. ६९ लाख ४५ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।९।१४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १४(चौध) यसैसाथ संलग्न छ ।

कैफियत सहितको लेखापरीक्षण राय - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

थाहा नगरपालिका, मकवानपुर
लेखापरीक्षण प्रतिवेदन
२०७५

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धति सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यास संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गर्दै गुणस्तरिय सेवा प्रदान गरी जनतालाई प्रत्यक्ष लाभ पुग्ने सामाजिक, आर्थिक एवं भौतिक क्रियाकलाप सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्वेश्य रहेको छ ।प्रदेश ३ मा अवस्थित ४७६७१ जनसंख्या रहेको यो नगरपालिका अन्तर्गत १२ वडाबाट ६५ नगर सभा सदस्य रहेकाछन ।

स्थानीय संचितकोष : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिमनगरपालीकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरुको आय-व्यय हिसावको आर्थिक वर्ष २०७४।७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था देहाय वमोजिम रहेको छ :

आयतर्फ			व्ययतर्फ			
सि.नं.	**विवरण**	**रकम**	**सि.नं.**	**विवरण**	**वजेट**	**रकम**
१	**गत वर्षको जिम्मेवारी**		१	शशर्त अनुदान	१४५९७७०००	१४२२९५१३३.५३
	संचित कोष(बैकं मौज्दात)	२१४३२०८२.९३	२	बित्तिय समानिकरण	२३८४७६०००	२१२१२८५९०.८०
			३	सामाजिक सुरक्षा भत्ता	५८८२१०००	६२८९०२००.००
	संचित कोष (नगद रु.)	०.००	४	एल.जि.सी.डि.पी	१४८४३०५.००	१४८४३०५.००
२	**आन्तरिक श्रोत**	११००८८६५.६३	४	आन्तरीक आय	१०८३९०००	१७२३७१५३.००
३	**वाह्रय श्रोत**		५	जिल्ला समन्वय समति		४०३२३३.००
	नगर विकास कोष	२०८८१२२.००	६	शशर्त अनुदान बांकी फिर्ता		३५७५६६६.४७
	सडक बोर्ड नेपाल	१७१५२९०.००	७	सामाजिक सुरक्षा रकम फिर्ता		२२८४००.००
	सहकारी क्षेत्र सुदृढीकरण	५००००००.००	८	धरौटी फिर्ता		४२१६५४४.७५
	नियर फ्यासिलिटी	७९९६००.००	७	धरौटी फिर्ता खर्च		
३	**शशर्त अनुदान**	१४५९७७०००.००	८	अन्य अनुदान	३१२७४०००.००	५१८९२९७.००
४	**बित्तिय समानिकरण**	२३८४७६०००.०	९	सहकारी क्षेत्र सुदृढिकरण खर्च		४१६८८२
५	**सामाजिक सुरक्षा भत्ता**	६३१५००००.००				
६	**एल.जि.सी.डि.पी**	१४८४३०५.००	१०	**मौज्दात**		
७	**जिल्ला समन्वय समति**	४०३२३३.००		संचित कोष	२००२३४६१.६४	
८	**विविध आम्दानी (बैंक वढी)**	३५०३२३.१२		चालु खाता	२०३६३८४५.२४	
९	**बेरुजु असुली**	४०००.००		पुजिगत खाता	९६६९०९७.००	
१०	**बहाल कर**	५४९६.००		धरौटी खाता	४३९३३१५.००	
११	**राजश्व बाँडफाँड (मालपोत)**	३५१०९४७.००		मर्मतसंभार कोष खाता	११५४२८९.००	
१२	**साविक स्थानीय तहबाट हस्तान्तरण**	५०००००.००				
१३	**हेभी इकयुपमेन्ट परिचालन**	११५४२८९.००				
१४	**धरौटी आम्दानी**	८६०९८५९.७५				
	जम्मा :	**५०५६६९४१३.४३**		**जम्मा :**		**५०५६६९४१३.४३**

बेरुजू दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
१.	**बित्तीय विवरण :** नगरपालीकाको लेखा दोहोरो स्रेस्ता प्रणाली (डबल इन्ट्री सिष्टम) सिद्धान्तमा आधारित नगद कारोबारमा राखि आयव्यय तयार गरी सो संग सम्बन्धीत संचित कोष लगायत सबै आम्दानी तथा खर्चका शिर्षकहरुको बैंक नगदी किताब, पेश्की बाँकीको बिबरण, सहायक खाताहरु अध्यावधिक तयार गर्नु पर्ने,जिम्मेवारी सानुपर्ने, बैंक हिसाब मिलान गनुपर्नेमा सो हुन नसकेको व्यहोराहरु देहाय बमोजिम छन :	
१.१	राजश्व, निकासा तथा अन्य आम्दानी प्राप्त भए पश्चात गोश्वारा भौचर समेतको बैंक नगदी किताव तयार पारी आर्थिक विवरण तयार गर्नु पर्नेमा कार्यालयले संचितकोषको नगदी किताव राखेको देखिएन । वैंक स्टेटमेन्टको आधारमा निकासा तथा आम्दानी भिडान गरेको पाईयो । यसले गर्दा वित्तीय विवरणले सहि र यथार्थ जानकारी नदिन सक्दछ । नियमानुसार नगदी किताव तयार गरी आर्थिक कार्य सञ्चालनको अभिलेख व्यवस्थित गर्नु पर्दछ ।	
१.२	कार्यालयले पेश गरेको एकीकृत आय व्यय विवरण अनुसार श्रेस्ताको अन्तिम मौज्दात रु.५ करोड ५६ लाख ४ हजार देखाएको छ । वर्षान्तको वैंक स्टेटमेन्ट लिई श्रेस्ता तयार नगरी चेक साट्ने अवधि सकिए पश्चातको मौज्दात कायम गरेको छ ।	
१.३	कार्यालयले हेभि ईक्यूपमेन्ट कोष तर्फ आर्थिक वर्ष २०७४।७५ मा आम्दानी रु. ५ लाख ६ हजार खर्च रु. ११ लाख ६६ हजार देखाएको छ । उक्त कोषमा गत आर्थिक वर्षको जिम्मेवारी, चालु आर्थिक वर्षमा प्राप्त भएको आम्दानी, खर्च र अन्तिम मौज्दात खुल्ने नगदी किताव तथा आर्थिक विवरण तयार नगरेकोले कार्यालयले तयार गरेको एकिकृत आर्थिक विववरणमा उल्लेखित कोषको आम्दानी, खर्च तथा जिम्मेवारीको यथार्थता स्पष्ट भएन ।	
१.४	आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ वमोजिम आय व्यय ठिक सँग भएको र लेखाकंन गरेको कुरामा विश्वस्त हुनुपर्ने र घटी जिम्मेवारी सार्न नहुने व्यवस्था छ । गत आ.ब.को लेखापरीक्षण प्रतिवेदनमा रु.२ करोड ५४ लाख ६२ हजार अन्तिम मौज्दात भएकोमा आ.ब. २०७४।७५ मा सुरु मौज्दात रु.२ करोड १४ लाख ३२ हजारमात्रसारेको देखिएकोले घटी जिम्मेवारी सारेकोरु.४० लाख ३० हजार यकिन गरी आर्थिक विवरण तयार गर्नु पर्दछ ।	
१.५	नगरपालीकाले नगर बिकास कोषबाट लिएको ऋण रकमको सावाँ व्याज रकम नगर बिकासकोषको बिबरण बमोजिम रु.३३ लाख १० हजार भूक्तानी गरेको छ । तर नगरपालिका ऋण रकमको सावाँ र व्याजको अभिलेख नराख्नुका साथै ऋण रकमलाई आय व्ययमा छुट्टै उल्लेख गरेको पाईएन । नगरपालिकाले चालु आर्थिक वर्षमा प्राप्त भएको आम्दानी, खर्च र अन्तिम मौज्दात खुल्ने नगदी किताव तथा आर्थिक विवरण तयार तयार गर्ने,सबै शिर्षकको आम्दानी खर्च आय व्ययमा देखाउने, गत वर्षको मौज्दातलाई जिम्मेवारीको रुपमा सारी बित्तीय बिबरणको प्रस्तुतीलाई सुस्पष्ट गर्नु पर्दछ ।	
२.	**वजेट तथा कार्यक्रम तर्जूमा :** स्थानीय तह संचालन ऐन, २०७४ ले बजेट तथा कार्यक्रम तर्जूमा सम्बन्धमा देहायको व्यबस्था गरेको छ : ● स्थानीय सरकार सञ्चारन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रको विषमा स्थानीयस्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र बिषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन योजना बनाई लागू गर्नु पर्ने व्यबस्था रहेको छ । अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ ले सार्वजानिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यकालिन खर्च संरचना , आवश्यक्ताको प्रक्षेपण गर्ने, राजस्व प्रक्षेपण तयार गर्ने र वित्तीय अनुशासन कायम गर्नु पर्ने व्यबस्था गरेको छ । ● ऐनको दफा ६६ ले नगर/गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट	

सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था गरेको छ ।

- ऐनको दफा ६७ ले ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था गरेको छ ।
- ऐनको दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ ।

नगरपालिकाले यस वर्ष देहायको समयमा बजेट तथा कार्यक्रम तर्जूमा गरेको छ :

सि.न.	**कार्य बिवरण**	**समय तालिका(आ.व. ०७४।७५को लागि)**	**सम्पन्न समय**
१.	सघं तथा प्रदेशबाट वित्तिय हस्तान्तरणको खाका एवं बजेट तथा कार्यक्रम तर्जुमा मार्ग दर्शन प्राप्त गर्ने	२०७४ असार २	२०७४ असार १०
२.	श्रोत अनुमान र कूल बजेट सीमा निर्धारण	२०७४असार ४	नखुलेको
३.	बस्ती टोल स्तरबाट योजना छनौट	२०७४असार १०	२०७४ असार १२
४	वडा स्तरीय योजना प्राथमिकिकरण	२०७४असार १५	नखुलेको
५.	बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट बजेट तथा कार्यक्रम तयारी	२०७४असार १५	नखुलेको
६.	कार्यपालिकाको बैठकबाट बजेट तथा कार्यक्रम स्विकृति गरी सभामा पेश गर्ने	२०७४ असार १५	२०७४ असार २९
७	नगर सभाको बैठकबाट बजेट तथा कार्यक्रम स्कृिति	असार ३०	२०७४ असार ३०

२.१ नगरपालिकाले स्थानीयस्तरको विकासको लागि आवधिक, रणनीतिक र बिषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन योजना तयार गरेको छैन । नगरपालिकाले ऐनको व्यबस्था बमोजिम आवधिक, रणनीतिक र बिषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन योजना तयार गरी वार्षिक योजनाहरु मार्फत उपलब्ध श्रोतलाई दीर्घकालिन उदेश्य प्राप्तिको लागि सदुपयोग गर्नु पर्दछ ।

२.२ आयको प्रक्षेपण तथा बजेट सिमा निर्धारण समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्यनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा नराखेको देखिन्छ । साना, मझौला , ठुला, पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन छनौटमा राख्नु पर्दछ । वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउन आवश्यक छ ।

२.३ अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्रभित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने यस्तो विधि कार्यान्वयनमा ल्याएको छैन । खासगरी स्रोत छर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकता प्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लाभलागत विश्लेषण गरी लागत प्रभावकारी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनु पर्दछ ।

नगरपालिकाले अभिलेख तथा श्रोत नक्सांकन वा स्थानीय तह प्रोफाईल अध्यावधिक गरी आवधिक, रणनीतिक र बिषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन योजना तयार सोहि आधारमा वार्षिक योजनाहरु तथा कार्यक्रमहरु कार्यान्वयनगरी उपलब्ध श्रोत लाई दीर्घकालिन उदेश्य प्राप्तिको लागि सदुपयोग गर्नु पर्दछ ।

३. **आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरीक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष १२ वटा वडा कार्यालय मार्फत मालपोत, सिफारीस दस्तुर, पञ्जीकरण, घरधुरी कर, व्यवसाय दर्ता, सवारीसाधन कर लगायतका शीर्षकमा रु. १ करोड १० लाख ९ हजार राजश्व असूली गरेको विवरण पेश गरेको छ । आन्तरीक आयका सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन :

३.१ **राजस्व प्रक्षेपण :** नगरपालीकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आय तर्फ कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १ करोड ३८ लाख ३९ हजारआय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७४।७५ मा रु.रु. १ करोड १० लाख ९ हजारआन्तरीक आय प्राप्त गरेको छ । राजस्व प्रक्षेपणका लागि बिज्ञताको कमी, तथ्याकंको अभाब, प्रवृति बिश्लेषण नहुनु,राजस्व प्रक्षेपण गर्न विभिन्न क्षेत्रहरूबाट प्राप्त तथ्याङ्कलाई स्रोतगत रुपमा तालिकीकरण गरी सम्बन्धित नगरपालीका अन्तरगतका संभावित राजस्व स्रोत सम्बन्धी सूचनाहरू क्षेत्रगत रुपमा तयार नगर्नु आदि कारणबबाट राजस्व प्रक्षेपण यथार्त हुन सकेको छैन । यसले गर्दा अनुमानको तुलनामा अनुमानको तुलनामा २० प्रतिशत घटी आय प्राप्त गरेको छ । राजस्व प्रक्षेपणका प्राबिधिक पक्षहरुमा ध्यान दिई राजस्व अनुमानमान लाई यर्थाथ बनाई अनुमान अनुरुप राजस्व संकलन गर्नु पर्दछ ।

३.२ **राजश्वको अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । नगरपालिकाले यस वर्ष राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा दैनिक राजश्व असूलीको भौंचर उठाएको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ राखि राजश्व असूली लेखा व्यवस्थित गर्नुपर्दछ । साथै असुली राजस्व ढिलो दाखिला गर्ने हुने गरेको पाईयो । असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ । साथै दैनीक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।

३.३ **रसीद नियन्त्रण खाताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद प्रयोगलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । कार्यालयले राजश्व असूलीमा प्रयोग हुने रसिद के कति छपाई गर्यो, गत विगतका कति रसीद बाँकी थिए र यो वर्ष कति खर्च भई के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ तथा वडाहरुमा के कति रसीद पठाएको हो सो खुल्ने रसीद नियन्त्रण खाता राख्ने नगरेकोले राजश्व असूलीमा प्रयोग हुने रसीद उपर्युक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन । रसीदको प्रयोगलाई व्यवस्थित बनाउनु पर्दछ ।

श्रोत नक्साकंन ,वडागत रुपमा प्रोफाईल तयार गर्ने,अध्यावधिक डाटा बैंकं स्थापित गर्ने,कर्मचारीहरुलाई राजस्व प्रक्षेपण सम्बन्धी तालिम दिई राजस्य प्रक्षेपणलाई व्यबीस्थत गर्नुका साथै राजस्वको अभिलेखहरु दुरुस्त गर्नु पर्दछ ।

४. **योजना संचालन :-** आवश्यकता पहिचान र प्राथमिकीकरणको आधारमा योजना छनौट गर्नुपर्ने र सोको कार्यान्वयन गर्नुपर्दछ । वार्षिक नगरविकास योजना २०७४।७५ को अध्ययन गर्दा नगरपालीकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून वजेट भएका र छरिएका देखिएको छ । नगरपालिकाले१२ वटा वडामा वित्तिय समानिकरण पुँजिगत तर्फ ३३८ योजना स्वीकृत गरी रु. २४ करोड ९८ लाख ६७ हजार वजेट विनियोजन गरी अधिकांस योजना सम्पन्न गरेको छ । यस्ता योजना मध्ये रु. १ लाख भन्दा साना योजना ९६ वटा, १ देखि २ लाख सम्मका योजना ८३ वटा, २ देखि ३ लाख सम्मका योजना ३२वटा, ३ देखि ४ लाखसम्मका योजना २३ वटा, ४ देखि ५ लाखसम्मका योजना ५० वटा समेत रु. ५ लाख मुनिका २८४ वटा योजना रहेको तथा५ देखि १० लाखसम्मकायोजना ४० वटा र १० लाख भन्दा माथिका योजना१४ वटा समेत कुल ३३८ वटा कार्यक्रम सञ्चालन गरेको देखिएको छ ।

विवरण	**न.पा.को वडागत योजना संख्या**												**जम्मा**
	१	**२**	**३**	**४**	**५**	**६**	**७**	**८**	**९**	**१०**	**११**	**१२**	
१ लाख सम्मका	१३	५	६	१२	५	८	१५	२१	०	३	३	५	**९६**

१ देखि २ लाख सम्मका	१०	३	७	३	६	८	१६	१०	१	६	६	७	**८३**
२ देखि ३ लाख सम्मका	१	५	२	२	०	९	४	०	२	१	२	४	**३२**
३ देखि ४ लाख सम्मका	५	३	१	१	२	३	१	१	०	२	३	१	**२३**
४ देखि ५ लाख सम्मका	१	६	४	९	२	२	१	१	७	५	६	६	**५०**
५ देखि १० लाख सम्मका	६	३	२	३	५	३	१	१	५	२	६	३	**४०**
१० लाख भन्दा बढिका	०	०	४	०	१	१	२	२	१	१	१	१	**१४**
योजना संख्या	**३६**	**२५**	**२६**	**३०**	**२१**	**३४**	**४०**	**३६**	**१६**	**२०**	**२७**	**२७**	**३३८**
कुल वजेट (रु. हजारमा)	**१०२००**	**९२५०**	**१३०३६**	**१०५००**	**१००००**	**१२१२०**	**१०८४४**	**११४००**	**१०३५०**	**९२००**	**१३१४८८**	**१११८९**	**२४९५८३७**

संचालित कार्यक्रम मध्ये रु. ५ लाख सम्मका स्वीकृत कार्यक्रम २८४ रहेकाछन ।सानासंख्याका कार्यक्रम धेरै हुँदा सिमित श्रोत साधनले गर्दा अनुगमनमा कमी हुने ,प्राविधिक कर्मचारीले प्रत्येक योजनामा पुरा समय दिएर कार्य गर्न सक्ने अवस्था नदेखिदा कार्यको गुणस्तरमा समेत प्रभाव पर्ने देखिएको छ । नगरपालिकाको क्षमता अभिवृद्धि गरी तुलनात्मक लाभ लागत समेतलाई ध्यान दिई स्थानीय जिवन स्तर उकास्ने तथा रोजगारी श्रृजना गर्ने योजनाहरु तर्जुमा एवं कायान्वयन तर्फ ध्यान दिनु पर्दछ ।

५. **कार्यक्रम संसोधनः**नगरपालिकाले वजेट तथा कार्यक्रमको अर्धवार्षिक समिक्षा गरी आबश्यक देखिएमा फागुन मसान्त भित्र वजेट तथा कार्यक्रम संसोधन गर्नु पर्दछ । नगरपालिकाले मिति २०७४।१२।२३ मा अर्थात तेश्रो चौमासिकमा वजेट तथा कार्यक्रम संसोधन गरेको छ । कार्यालयले आन्तरिक श्रोतवाट व्यहोर्ने गरी रु. २ करोड १०लाख७४ हजार र नेपाल सरकारवाट रु. १ करोड ८७ लाख २५ हजार समेत रु. ३ करोड ९७ लाख ९९ हजारको बजेट तथा कार्यक्रम संसोधन गरेको छ । कृषि प्रवर्द्धन तर्फ नेपाल सरकारको अनुदान वाट रु. १५ लाख विनियोजन गरेकोमा आन्तरिक श्रोतवाट रु. ३२ लाख ५० हजारको थप कार्यक्रम सहित संसोधित वजेट रु. ४७ लाख ५० हजार भएको, पशु विकास कार्यक्रम तर्फ आन्तरिक श्रोतवाट व्यहोर्ने गरी रु. ४५ लाख कार्यक्रम थप गरी संसोधन गरेको तथा विभिन्न कार्यक्रममा आन्तरिक श्रोतवाट रु. ३ करोड २० लाख ४९ हजारको कार्यक्रम थप गरी संशोधन गरेको छ । तेश्रो चौमासिकका कार्यक्रम तथा वजेट संसोधन थप गर्दा कार्यक्रम समयमा सम्पन्न हुन नसक्ने तथा समय सिमाका कारण प्रक्रिया सम्मत ढंगमा गुणस्तरयुक्त कार्य नहुन सक्दछ । कार्यालयले आबश्यक देखिएमा वजेट तथा कार्यक्रम फागुन मसान्त भित्रनै संसोधन गर्नुपर्दछ ।

६. **शुत्र प्रयोग :** वित्तिय समानिकरण तर्फप्राप्त वजेटमध्ये पूँजि निर्माणसंग प्रत्यक्ष सम्वन्धित खर्चलाई पुँजिगत तर्फ तथा अप्रत्यक्ष रुपमा सम्वन्धित चालु प्रकृतिका खर्चलाई संचालन तर्फ कार्यक्रम स्वीकृत र वजेट व्यवस्थापन गर्नुपर्दछ । नगरपालिकाले संचालन र पुँजिगत तर्फ निम्नानुसार प्रकृतिका कार्यक्रम स्वीकृत गरी वजेट खर्च गरेको छ । खर्चको प्रकृति अनुसार Sub National Treasury Regulatory application (SUTRA)प्रयोग गरी खर्च तथा वित्तिय प्रतिवेदन प्रणालीलाई व्यवस्थित गर्नु पर्दछ ।

क्र.सं.	गो.भौ.नं. र मिति	खर्च व्यहोरा	रकम
क) पुँजिगत प्रकृतिका खर्चलाई चालु तर्फ कार्यक्रम स्वीकृत गरी खर्च गरेको			
१.	३३।०७४।७।२४	२ वटा मोटरसाईकल खरिद	२४४८९२.००
ख) चालु प्रकृतिका खर्चलाई पुँजिगत तर्फ कार्यक्रम स्वीकृत गरी खर्च गरेको			
२.	०२।०७४।०५।३० ३७।०७४।१०।१२	पालुङ्ग बहुमुखी क्याम्पसलाई तलव भत्ता तथा सञ्चालन अनुदान	१४०००००.००
३.	२७।०७४।०९।२६	कोटमौला पूजा खर्च	१०००००.००
४.	६४।०७४।१०।२५	खेलकुद खर्च पेश्की	१३००००.००

५.	२२६।०७४।१२।२७	शैक्षिक अनुदान रकम भुक्तानी	३१९०००.००
६.	३२९।०७५।०१।२६	तलव खर्च (स्वा.प्र.)	२७०००.००
७.	३८९।०७५।०२।१४	अवलोकन भ्रमण र अपांगता सिविर(पेश्की)	३५००००.००
८.	४९७।०७५।०३।२२	निजि श्रोत शिक्षक तलव भत्ता	१०३००००.००
९.	४९९।५००।०३।२२	महिला विकास कार्यक्रम खर्च	१८२०००.००
१०.	४४०।०७५।३।१७	जनप्रतिनिधिहरुलाई तलव भत्ता	७६१४०००.००

७. **चौमासिक खर्चः-**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले प्रथम चौमासिकमा २ प्रतिशत, दोश्रो चौमासिकमा १५ प्रतिशत र तेश्रो चौमासिकमा ८३ प्रतिशत खर्च गरेको छ। त्यस्तैगरी आषाढ महिनामा३६ प्रतिशत खर्च गरेको स्थिति देहाय बमोजिम छ :

बजेट उपशीर्षक	कुल खर्च	चौमासिक खर्च(रु. हजारमा)			
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	आषाढ महिना
वित्तिय समानिकरण पूँजिगत तर्फ	१७६४७३	४११२	२५८०२	१४६५६०	६३९६९
प्रतिशत	**१००**	**२**	**१५**	**८३**	**३६**

आर्थिक वर्षको अन्तमा बढी खर्च गर्दाखरिद ऐन र नियमावलीका व्यबस्थाहरु पालनामा नहुने,चौमासिकहरुमा सन्तुलित रुपमा खर्च व्यबस्थापन नहुने, बस्तु तथा सेवा प्राप्तिमा ढीलाई हुने अवस्था सिर्जना हुने भएकोले कार्यालयले योजनाहरुको सम्झौता तथा कार्यान्वयन समयमै गरी चौमासिक खर्च व्यवस्थापन तथा कार्यवोझमा सन्तुलन ल्याउनु पर्दछ।

८. **पदाधिकारी खर्च :** नगरपालिकाले प्रशासनिक खर्चलाई आन्तरीक आयको निश्चित सिमा भित्र राख्नु पर्दछ । नगरपालिकको आन्तरीक आय रु. १ करोड १० लाख रहेको छ भने पदाधिकारीहरुको सेवा सुबिधा, तलब तथा भत्ता सुबिधामा देहाय बमोजिम वार्षिक रु. ९१२६००० खर्च हुने देखिन्छ।

क्र.सं.	**खर्च विवरण**	**रकम**
१	जनप्रतिनिधि तलव भत्ता	७६१४०००.००
२	पदाधिकारी बैठक भत्ता	१५१२०००.००
	जम्मा :	**९१२६०००.००**

पदाधिकारीहरुको सेवा सुबिधामा मात्र आन्तरीक आयको ८३ प्रतिशत खर्च हुन देखिएको छ ।प्राप्त श्रोत साधनको लाभ लागत समेत विश्लेषण गरी नगरपालिकाले खर्चलाई निश्चित सिमा भित्र राखी आयका दिगो श्रोतहरुको पहिचान गरी आन्तरीक आय बढाउनु पर्दछ।

९. **नगरपालिकाको कर्मचारी दरवन्दी तथा पदपुर्ति अवस्था :** कार्यालयले दरवन्दी अनुसार कर्मचारी व्यवस्थापन गर्नु पर्दछ। कार्यालयमा कर्मचारी पदपुर्ति अवस्था निम्नानुसार रहेको छ।

क्र.सं.	पद विवरण	दरवन्दी संख्या	पदपुर्ति	रिक्त संख्या
१.	प्रमुख प्रशासकीय अधिकृत	१	१	०
२.	लेखा अधिकृत	१	१	०
३.	ई. सिभिल	१	१	०
४.	ई. आर्किटेक्चर	१	०	१
५.	नायव सुब्बा	७	२	५
६.	खरिदार	१०	८	२
७.	स. ई. सिभिल	१	१	०
८.	स. ई. आर्किटेक्चर	१	०	१
९.	अ.स.ई	१	१	०
१०.	कम्प्यूटर अपरेटर	१	१	०
११.	अमिन	१	०	१

स्विकृत दरबन्दी बमोजिम कार्यालयमा आर्किटेक्चर पद १ वटा, नायव सुब्बा ५ वटा, खरिदार २ वटा,

स. ई. आर्किटेक्चर १ वटा तथा अमिन १ वटा पद रिक्त रहेको छ । कार्यालयले कर्मचारी दरवन्दी बमोजिम पदपूर्ति गरी सेवा प्रवाह गर्नु पर्दछ ।

१०. **आन्तरीक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार पारेको देखिएन । ऐन अनुसार वजेट तथा कार्यक्रमलाई व्यवस्थीत, पारदर्शी, मितव्ययी, प्रभावकारी र नियमसम्मत कार्यान्वयन गराउन तोकिएको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नु पर्दछ । नगरपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थातर्फ निम्नानुसार देखिएका छन :

- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० (३) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा प्राविधिक दृष्टिकोणले कार्य सम्पन्न गर्न लाग्ने समयावधि उल्लेख गरको पाईएन ।
- कार्यालयले भुक्तानी भएका सबै बिल भर्पाइमा भुक्तानी भएको छाप समेत लगाइ प्रमाणित गरी राख्नु पर्नेमा सो अनुसार गरेको पाइएन ।
- भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ बमोजिम भ्रमण अभिलेख र नियम १८ बमोजिम भ्रमण प्रतिवेदन राखेको छैन ।
- म.ले.प.फारम नं. २ मर्मत अभिलेख राखेको देखिएन ।
- कार्यक्रम खाता राखेको पाईएन ।
- व्यक्तिगत पेश्की खाता नराखेको ।
- समयमै पेश्की फछ्यौट नगरेको ।
- वैंक हिसाव मिलान विवरण तयार गरेको छैन ।
- जिम्मेवारी भिडान हुने गरी नगदी किताव राखेको छैन ।
- कन्टिन्जेन्सी खर्चको अभिलेख राखेको छैन ।
- आयोजना संचालन गर्न संलग्न भएका उपभोक्ता समिति दर्ता गरेको पाईएन ।
- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार सार्वजनिक निकायले वार्षिक दशलाख रुपैयाँ भन्दा बढीको खरिद कार्यमा वार्षिक खरिद योजना बनाई कार्यान्वयन गर्नु पर्नेमा सोको पालन हुन सकेको देखिएन ।
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) मा ठेक्का संझौता तथा मूल्य अभिवृद्धि कर भुक्तानीको रकम खुलाई मासिक रुपमा सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई जानकारी दिनुपर्ने व्यवस्था भएकोमा सो अनुरुप जानकारी दिएको पाइएन ।

नगरपालिकाले सम्पादन गर्नुपर्ने प्रत्येक कार्य क्षेत्रहरुका जोखिम पहिचान गरी त्यसलाई न्यूनिकरण गर्न आन्तरिक नियन्त्रण निर्देशिका तयार नगरेकोले नियन्त्रण व्यबस्थामा उपरोक्त कमि कमजोरीहरु रहेको पाईयो । नगरपालिकाले आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी कार्यान्वयन गर्नु पर्दछ ।

११. **उपभोक्ता समितिले गर्ने कामको लागत अनुमान** :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) बमोजिम लागत अनुमान तयार गर्दाको समयमा सम्बन्धित प्राविधिकको सिफारिशमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको अवस्थामा वाहेक उपभोक्ता समिति वा लाभग्राही समुदायबाटसञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर, विटुमिन डिस्ट्रव्युटर, विटुमिन व्वाइलर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न नसकिने

व्यवस्था रहेको छ ।कार्यालयले उपभोक्ता समिति मार्फत गराएको अधिकांश निर्माण कार्यको लागत अनुमानमा प्राविधिक पुष्ट्याई समावेश नगरी, हेभि मेशिन प्रयोग गरेको छ ।मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिका निर्माण कार्यहरुमा सम्बन्धित प्राविधिकको पुष्ट्याई सहितको सिफारिश लिई लागत अनुमानमा समावेश गराई मात्र उपभोक्ता समितिमार्फत हुने निर्माण कार्य गर्नुपर्ने देखिन्छ ।

१२. **निर्माण कार्यमा ढीलाई :** नगरपालिकाले वडाकार्यालय भवनहरु निर्माणको लागि निमार्ण व्यबसायीहरु संग सम्झौता गरेको छ । निमार्ण कार्य सम्झौतानुसार तोकिएको समयमा सम्पन्न हुनु पर्दछ । तर निमार्ण व्यबसायीहरुले वडा कार्यालय भवन सम्झौतामा तोकिएको समयमा सम्पन्न नगरेकाले देहाय बमोजिम म्याद थप गरेको पाईयो ।

विवरण	सम्झौता मिति	कार्य सम्पन्न गर्नुपर्ने मिति	सम्झौता रकम	म्याद थप	हालसम्म भुक्तानी रकम
वडा नं. ७ को भवन (IFSQ/BLDG-07/074/75)	०७४।०९।०९	०७५/३/९	१६५८३८६/०३	०७५/८/३० सम्म	९१०६१८.७२
वडा नं. ८ को भवन (IFSQ/BLDG-08/074/75)	०७४।०९।१२	०७५/३/१२	१५७४१०५.२७	०७५/८/३० सम्म	१२३३५६०.११
वडा नं. ९ को भवन (IFSQ/BLDG-09/074/75)	०७४।०८।२५	०७५/२/२५	१५८१७६५.२७	०७५/८/३० सम्म	६५६२००.४७
वडा नं. १२ को भवन (IFSQ/BLDG-12/074/75)	०७४।०८।२९	०७५/२/२९	१६५४७५३.५७	०७५/८/३० सम्म	११६३०९४.३२
वडा नं. १०,११ को भवन (IFSQ/BLDG-10,11/074/75)	०७४।११।२७	०७५/५/२५	१६५४७५३.५७	०७५/९/३० सम्म	पेश्की मात्र भुक्तानी
वडा नं. १३ को भवन (IFSQ/BLDG-13/074/75)	०७४।१०।१०	०७५/४/२५	१८८९८७०.०३	०७५/९/३० सम्म	१४१०५४६.५९

नगरपालिकाले निमार्ण व्यबसायीबाट हुने कार्यप्रगतिको नियमित अनुगन गरी सम्झौतानुसार तोकिएको समयमै कार्य सम्मपन्न हुने व्यबस्था गर्नु पर्दछ ।

१३. **बढी भूक्तानी** : ठेक्का स्विकृत भएको निमार्ण व्यबसायीलाई प्रत्येक आईटमको लागि बिड डकुमेन्टमा उल्लेख गरेको कबोल दर अनुसार भूक्तानी गर्नु पर्दछ । नगरपालिकाले कार्यालय भवन निर्माण गर्न (Construction of floor and boundary wall of the municipality Building) निर्माण व्यावसायी ध्रुवतारा निर्माण सेवा संग मिति २०७३।११।१० मारु.५७ लाख ४८ हजारको सम्झौता गरेको थियो । उक्त निर्माण कार्यकोविल अफ क्वान्टिटीको क्र.स. ३.१(B) को For Superstructure कार्य ८९.४९ घनमिटरको लागिनिमार्ण व्यबसायी ले पेश गरेको दर प्रति घनमिटर रु. १६ हजारका दरले भूक्तानी गर्नु पर्नेमा प्रतिघनमिटर रु.१७ हजारका दरले भूक्तानी गरेकोले वढी भुक्तानी गरेको असुलउपर गर्नुपर्ने पर्दछ । ८९४९०/-

१४. **मू.अ.कर ननफाईलर**: कार्यालयले बस्तु तथा सेवा प्रदान गर्ने आर्पूतक तथा निमार्ण व्यावसायीको बिजक बापत भूक्तानी दिएको मु. अ. करको बिजक नमुना छनौटको रुपमा परीक्षण गर्दा देहायका आर्पूतक तथा निमार्ण व्यावसायीहरु ननफाईलर देखिएको हुदा कार्यालयले भुक्तानी गरेकोमू.अ.कर समायोजन भएको प्रमाण पेश हुनु पर्दछ । ५१८३४६/-

गो.भौ.न र मिति	उपभोक्ता	बिक्रेताको पान.न	करदाताको अबस्था	कामको बिबरण	मू.अ.कर भुक्तानी
११- २०७५/०१/०७	ए.के. विल्डस	३०१४८३३८०	नटएक्टिभ		१००८१४
४१७ - २०७५/३/७	ए.के. विल्डस	३०१४८३३८०	नटएक्टिभ	flexible Pavement	१३२३५५
०८ - २०७४/६/३०	ध्रुब तारा निमार्ण सेवा	६०५५१००६९	२०७३ चैत्र देखि ननफाईलर	कार्यालय भवन निमार्ण पहिलो तला	२८५१७७
				जम्मा :	**५१८३४६**

शिक्षा तर्फ

१५. **विद्यार्थी संख्याः** थाहा नगरपालिका अन्तर्गत ५५ विद्यालयहरु मध्ये निम्नानुसार १२ विद्यालयमा न्यून विद्यार्थी रहेको स्थिति देहाय बमोजिम छ।

विद्यालयको नाम	विद्यार्थी संख्या						शिक्षक संख्या		तलव भत्ता	थप अनुदान
	बालविकास	कक्षा								
		१	२	३	४	५	बालविकास	विद्यालय तर्फ		
गणेश प्रा.वि. सलमपुर, टिस्टुङ्ग	४	६	४	६	०	०	१	१	३०२६१०	७३३६४
बालकन्या प्रा.वि. आग्रा (तेश्रो त्रैमासिक परीक्षामा सम्पुर्ण विद्यार्थी अनुपस्थित)	०	१०	९	२	०	०	०	२	७८११६३	८२७८३
कालिदेवि प्रा.वि. टिस्टुङ्ग	१६	११	१०	५	०	०	१	१	३६८६०६	११३९२०
उदय प्रा.वि.	९	३	४	४	६	१०	१	३	१११०२५४	११८५५८
बसन्त प्रा.वि.	१७	१५	१०	८	८	७	१	३	१११०२५४	२६७०५४
महाँलक्ष्मी प्रा.वि.	०	१२	७	६	८	७	०	३	१०४७४९६	९५६१९
प्रा.वि. टिकनी	१०	१	१	५	०	०	१	२	७२४७४१	९३६४१
महाकाँल प्रा.वि., रुप्से	०	७	६	५	६	७	०	३	९२५३५५	९०४६८
बालकुमारी प्रा.वि.	६	५	६	५	५	४	१	२	७१०१८२	११५४२१
बालज्योति प्रा.वि.	०	५	९	१०	०	०	०	१	४०२४७२	१०४१६६
पञ्चकन्या प्रा.वि., पोडेगाँउ	०	१२	५	२	३	१	०	३	१११०२५४	८८७३२
सूर्य वाराही प्रा.वि.	९	१०	१२	६	७	११	१	३	९९६५०२	१२५६५७

नगरपालिकाले बिद्यालय संख्या, बिद्यार्थि संख्या र शिक्षक संख्यामा समेत पुनरावलोकन, बिश्लेष्ण गरी श्रोतको श्रोतको प्रभावकारी उपयोग तर्फ ध्यान दिनु पर्दछ।

१६. **अवकाश पछि तलब भुक्तानीः-** अवकाश भएका कर्मचारीको तलब तथा भत्ता भूक्तानी गर्न नहुनेमा कार्यालयलेश्री जनक प्रा.वि., कुलेचौर, चित्लांग, थाहा ९ का प्रा.वि.द्वि. श्री सुशिला नापित मिति २०७५।०२।०१ वाट अवकास भएकोमा तेश्रो चौमासिक पुरै निकासा भएको छ। अवकास प्राप्त शिक्षकहरुको तलबको लागि विद्यालयलाई रकम निकाशा भुक्तानी गरेकोले सम्बन्धीत बिद्यालयहरुबाट फिर्ता दाखिला हुनु पर्ने रु. ८४०७५/-

१७. **बिद्यालयहरुको लेखापरीक्षणः**नगरपालिका मातहतका कार्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्दछ। कार्यालयले विद्यालयको लेखापरीक्षण खर्च वापत ५५ विद्यालयलाईगो.भौ.नं. २०७४।१०।१९ वाट रु. ६ लाख ०५ हजार निकासा भुक्तानी दिएको छ। नगरपालिकाले अन्तिम लेखापरीक्षण अवधिसम्म लेखापरीक्षण गराएका विद्यालयको विवरण प्राप्त गरेको देखिएन। बिध्यालयहरुले लेखापरीक्षण गरी समयमै प्रतिवेदन नगरपालिकामा पेश गर्नु पर्दछ।

१८. **ब.उ.शी.नं. ३५२१३४३ तर्फ :** सहकारी क्षेत्र सुदृढिकरण आयोजना अन्तर्गत विनियोजित भएको रकम रु. ५० लाख वाट कोल्ड स्टोर निर्माणका लागि वोलपत्र प्रकृयाद्वारा निर्माण कार्य अगाडी वढाई सकिएकोले आर्थिक वर्ष २०७५।७५ मा कार्य सुचारु नभएको हुँदा विज्ञापन तथा प्रशासनिक खर्च रु. ४,१६,८८२।०० मात्र खर्च भई वाँकी रकम रु. ४५,८३,११८।०० नगरपालिकाको संचित कोषमा फिर्ता दाखिला गरेको छ। उल्लेखित रकम वेरुजु खातामा दाखिला गर्नु पर्ने रु. ४५,८३,११८

१९. **ब.उ.शी.नं. ३२७८०१ तर्फः** गो.भौ.नं. २१ वाट राघवेन्द्र सिंहलाई सोधभर्ना भुक्तानी दिएको मध्ये ढुवानी भाडा रु. १३,०००।०० र रु. ३३०००।०० समेत रु. ४६०००।०० को १०% वाहालकर कट्टी गरेको नदेखिएकोले असुलउपर गर्नु पर्ने रु. ४६००/-

२०. **वित्तिय समानिकरण अनुदान तर्फः** सुनौलो सामुदायीक सिकाई केन्द्रलाई विभिन्न पुस्तक खरिद गरेको भनी गो.भौ.नं. ५१२।०७५।३।२५ वाट रु. ४८५००।०० भुक्तानी गरेकोमा पुस्तक विवरण तथा नामावली भएकोले पेश गर्नु पर्ने रु. ४८५००

२१. गो.भौ.नं. ५६८।०७५।३।३२ वाट न्यू सिद्धार्थ निर्माण सेवालाई लागत अनुमान तथा विल अफ क्वान्टिटीमा समावेश नभएको स्ट्याण्ड सिल कार्य थप गरी सो वापत रु. ८२५१५।०० भुक्तानी गरेको नियमित देखिएन । लागत अनुमान तथा विल अफ क्वान्टिटीमा समावेश नभएको आईटमको लागि अधिकार प्राप्त अधिकारीबाट भेरियसन स्विकृत गर्नु पर्ने देखिएको ।

२२. **वित्तिय समानिकरण पुँजिगत तर्फ :** गो.भौ.नं. ५७।०७४।१०।२५ वाट सामुदायीक सेवा केन्द्र पालुङ्गलाई वडा एरियाहरुको व्यावसाय कर लगत संकलन गर्ने कार्य गर्दा रु.१५००००।०० भुक्तानी भएकोमा विलभरपाई रु. १३५०००।०० को मात्र भएकोले नुपग असुलउपर गर्नु पर्ने रु. १५०००

२३. **ससर्त अनुदान स्वास्थ्य :** गो.भौ.नं. ४१।०७४।११।०८ वाट एकिकृत पोषण कार्यक्रम अन्तर्गत मेघराज वलामीद्वारा संचालित कार्यक्रमको सोधभर्ना भुक्तानी गर्दा तौल मेसिनको खरिद विल भरपाई संलग्न नदेखिएको रु. ४३,०००।०० मध्ये रु. ४१,१००।०० को मात्र विल भरपाई पेश भएकोले वढी भुक्तानी असुलउपर गर्नु पर्ने रु. १९००

२३.१ गो.भौ.नं. ४१।०७४।११।८ वाट एकिकृत पोषण कार्यक्रम अन्तर्गत संचालित कार्यक्रमको सोधभर्ना भुक्तानी गर्दा तौल मेसिन खरिदको भरपाई संलग्न गरेको छैन । खरिद तथा भुक्तानीको विल भरपाई संलग्न गर्नु पर्ने रु. १७८००

२४. **नगर बिकास कोषको ऋण भूक्तानी :** यसनगरपालीकाल नगर बिकास कोषबाट लिएको ऋण रकमको सावाँ व्याज रकम नगर बिकासकोषको बिबरण बमोजिम यो वर्ष बित्तीय सामान्यीकरण चालु शिर्षक तर्फको गोश्वारा भौचर न. ७८ बाट रु. २५०००००.०० र गोश्वारा भौचर नं २१४ बाट रु. ८०९५२४.१० समेत जम्मा रु. ३३०९५२४।१० खर्च लेखेको छ । तर नगर बिकासकोषको बिबरण बमोजिम पौष मसान्त सम्म देहाय बमोजिम रु. २७,८४,६६०.१० बाँकी देखिएकोमा रु.३३,०९,५२४।१० भूक्तानी गरेको देखियो ।

सि.न.	आयोजना	कोड न.	२०७५ पौष सम्म बाँकी ऋण	२०७५ सम्मको तिर्नु पर्ने व्याज	२०७५ सम्म जम्मा बाकी सावाँ र व्याज
१	Indreni River	TDF- 882 RF	६३६८२६.६९	२५६८२.४४	६६२५०९.१३
२	Indreni River Ground National Sterium	TDF-1886-RF	६८७७४१.९१	२७७३५.७८	७१५४७७.६९
३	River Training Work	1-13-12055-9	१३५२१३४	५४५३०.२६	१४०६६६४.३
		जम्मा :	**२६७६७११.६२**	**१०७९४८.४८**	**२७८४६६०.१**

नगरपालिकाले नगर बिकास कोषबाट लिएको ऋण रकमको सावाँ व्याज रकमको अभिलेख अध्यावधिक गरी राख्नु पर्दछ ।

२५. **सडक बोर्ड तर्फको कार्यक्रम :** सडकबोर्डको बार्षिक स्विकृत योजना बमोजिम कार्यक्रम संचालन गर्न कार्यालय र सडक बोर्ड बिच भएको सम्झौता बमोजिम रु.३५ लाख बजेट बिनियोजन भएकोमा नगरपालीकाले सेती गणेश सडक (लागत अनुमान रु.२५८८९८), सरस्वती बजार भेट्टडाडाँ सडक (लागत अनुमान रु.४२९७३५) र इन्द्रायणी चौर पालुङ बेदेली सडक (लागत अनुमान रु.२५८८९) समेत रु. ५० लाखको कार्यक्रम पेश गरेकोमा मिति २०७५।१०।१९ मा कार्यक्रम संशोधन गरेको छ । नगरपालिकाले रु.४३१४,९४९.४० को संशोधित कार्यक्रम पेश गरेकोमा सडकबोर्डले रु. ३०,११,०००.०० को कार्यक्रम स्विकृत गरेको छ :

सि.न.	योजना	कि.मि.	लागत अनुमान	सडकबोर्डले व्यहोर्ने	कूल लागत	सडकबोर्डले व्यहोर्ने ७० प्रतिशत
१	स्वास्थ्य कार्यालय सडक	१	९७३३६६.१०	६८१३५६	-	
२	वडा कार्यालय सडक	१०.५०	१२३७१५०.७०	८५६६४४	११९०६७१.७९	८३३४७०
३	जेसिस मार्ग सडक	१.२०	२१०६२००.१०	१४७३०००	१४४०७६०.६२	१००८५३२
जम्मा :			**४३१६७१६.९**	**३०११०००**	**२६३१४३२.४१**	**१८४२००३**

उपरोक्त सम्बन्धमा देहाय बमोजिम देखिएको छ :

२५.१ सडक बोर्डबाट आर्थिक वर्ष २०७४।७५ को लागि स्विकृत संशोधित कार्यक्रम मध्ये स्वास्थ कार्यालय सडक निमार्ण गरेको पाईएन । यसले गर्दा नगरपालिकाले उपलब्ध श्रोतको उपयोग गरेको पाईएन । स्विकृत कार्यक्रम तथा सम्झौता बमोजिम कार्यक्रम कार्यान्वयन गर्नु पर्दछ ।

२५.२ आर्थिक वर्ष २०७४।७५ को सडक बोर्डबाट स्विकृत कार्यक्रम बमोजिम वडा कार्यालय सडक र जेसिस मार्ग सडक निमार्ण कार्य सम्पन्न गरेको छ । उक्त कार्यको कूल लागत रु.२६३१४३२.४१ रहेकोले सडकबोर्ड संगको सम्झौता बमोजिम लागतको ७० प्रतिशतले हुने रु. १८४२००३.०० निकासा प्राप्त गरी भूक्तानी गर्नु पर्नेमा बोर्ड बाट आर्थिक वर्ष २०७४।७५ को लागि रु. १० लाख ४७ हजार मात्र निकासा प्राप्त गरेकोले बाँकि रकम बोर्डबाट सोधभर्ना निकासा प्राप्त गर्नु पर्ने रु. ७९५००३

२५.३ सम्झौताको बुदा न. ११ बमोजिम नगरपालीकाले आर्थिक वर्षको आषाढ मसान्त भित्र खर्च गर्न नसकेको रकम सडकवोर्ड फिर्ता गर्नु पर्दछ । आर्थिक वर्ष २०७३।७४ मा संचालित कार्यक्रमहरुको भूक्तानीको लागि सडक बोर्डबाट रु.६ लाख ६८ हजार निकासा भएकोमा देहाय बमोजिम रु. ५ लाख २३ हजार मात्र खर्च गरेको छ। उक्त कार्यक्रमहरुको भूक्तानीको लागि निकासा भएको मध्ये खर्च नभई बाकी रहेको रु.१ लाख ४५ हजार सडक बोर्डलाई फिर्ता दाखिला गर्नु पर्नेमा फिर्ता गरेको पाईएन । उक्त रकम सम्झौता बमोजिम सडकबोर्डलाई फिर्ता गर्नु पर्दछ ।

सि.न.	योजना	रकम
१	सेती गणेश सडक	६२५८४.००
२	सरस्वती बजार भेट्टडाडाँ सडक	१८८७८६.००
३	लोर्खे पाखा सडक निर्माण	६१८६५.००
जम्मा		**५२३१६८.००**

२६. **पेश्की वाँकी**:- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८१ वमोजिम समयमा पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । निम्नानुसार कार्यक्रमसञ्चालनार्थआर्थिक वर्षकोअन्त्यमा पेश्की भुक्तानी गरेकोमा आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट भएको देखिएन । नियमानुसार पेश्की विवरण अद्यावधिक गरी फछ्र्यौट गर्नुपर्ने रु. ६९४४९५०

क.सं.	पेश्की लिनेको नाम	गो.भौ.नं. र पेश्की मिति	पेश्की रकम
क)	**शसर्त अनुदान स्वास्थ्य तर्फ**		
१.	मेघराज वलामी(विभिन्न मितिमा)	विभिन्न मितिमा	७०३०००

ख)	**आन्तरिक आय पुँजिगत तर्फ**		
२.	थाहा नगर उद्योग वाणिज्य संघ	०७५/०१/०६	८००००
ग)	**वित्तिय समानीकरण पुँजिगत तर्फ**		
३.	मेघराज वलामी	३/०७४/६/८	५२०००
४.	प्रा.स्वा.का. पालुंग	३०/०७४/८/६	१५००००
५.	खेलकुद खर्च पेश्की राजेश के.सी.	६४/०७४/१०/२९	१३००००
६.	शा.अ. लक्ष्मण दाहाल	७१/०७४/१०/८	४५१०००
७.	न्यानो कपडा खरिद ना.सु. अनिल लामिछाने	७२/०७४/११/८	४०००००
८.	सुमन विष्ट	८८/०७४/११/२७	३००००
९.	वच्चुराम के.सी.	१९५/०७४/१२/२९	३००००
१०.	टौखेल शहरी स्वा. केन्द व्यवस्थापन समिति	२४९/०७५/१/५	३०००००
११.	सुमन विष्ट	२५५/०७५/१/५	१००००
१२.	सुमन विष्ट	२९२/०७५/१/१३	३००००
१३.	एन.टि. कन्टक्सन वडा नं. ७ र ८	३२८/०७५/१/२६	७८२०००
१४.	पोहार मैला ना. सु. अनिल लामिछाने	३३०/७५/१/२६	५००००
१५.	स्वा. प्रवर्धन कार्यक्रम सुदर्शन पहेली	३३१/०७५/१/२६	१२५०००
१६.	अवलोकन भ्रमण र अपांग सिविर अनिल लामिछाने	३८९/०७५/२/१४	३५००००
१७.	फोहार मैला व्यवस्थापनः विन्दु कु श्रेष्ठ	४११/०७५/३/६	२००००
१८.	डिजिटल स्वास्थ्य सर्वेक्षण मेघराज वलामी	४१२/०७५/३/६	२३००००
१९.	वडाध्यक्ष हेरमान गोपालि	४१९/३/७	२००००
२०.	सृजना कन्ट्रक्सन	४२२/०७५/३/१०	१६०००००
२१.	महिला विकास, क्षेत्रमाया रायमाझी	४९९/०७५/२२	५००००
	जम्मा		**४८१००००**
घ)	**वित्तिय समानीकरण चालु तर्फ**		
२२.	सुदर्शन पहेली	३/०७४/५/२१	५००००
२३.	गुम बहादुर के.सी.(वडा संचालन ९)	१६/०७४/६/९	५००००
२४.	गुम बहादुर के.सी.(वडा संचालन १०)	१७/०७४/६/९	५००००
२५.	पासांग लामा (वडा कार्यालय सञ्चालन)	२३/०७४/६/३०	७५०००
२६.	दिनेश महर्जन (वडा कार्यालय सञ्चालन)	२४/०७४/६/३०	५००००
२७.	सुनिल लामिछाने (वडा कार्यालय सञ्चालन)	२७/०७४/७/१४	२५०००
२८.	सनम सिंह मोक्तान (वडा कार्यालय सञ्चालन)	३४/०७४/७/२४	२५०००
२९.	चन्द्रवहादुर थिङ (वडा कार्यालय सञ्चालन)	३६/०७४/७/२७	२५०००
३०.	शुदर्सन पहेली(कार्यालय सञ्चालन खर्च)	०४४/०७४/८/६	५००००
३१.	शुदर्सन पहेली(कार्यालय सञ्चालन खर्च)	८९/०७४/१०/१९	५००००
३२.	शुदर्सन पहेली (नगर परिषद सञ्चालन खर्च)	१३७/०७४/१२/२२	१४१०००
३३.	हेरमान गोपाली (वडा कार्यालय सञ्चालन)	१५३/०७५/१/५	५००००
३४.	काजिमान गोले (कार्यालय सञ्चालन)	१६८/०७५/१/२५	२५०००
३५.	अनिल लामिछाने (सहकारी ऐन नियम तर्जुमा वैठक)	१७२/०७५/१/२७	४९९५०
३६.	चन्द्र वहादुर थिङ (वडा कार्यालय सञ्चालन)	१८३/०७५/२/९	७५०००
३७.	अनिल लामिछाने (विभिन्न दिवस सञ्चालन)	१८५/०७५/२/१४	६००००
३८.	पालुङ्ग साहित्य परिषद (स्मृति दिवस)	१९०/०७५/३/६	२५००००
३९.	शुदर्सन पहेली (नगर सभा सञ्चालन खर्च)	१९३/०७५/३/१०	२०००००
४०.	ड्रा. डायमण्ड प्रधान	१९४/०७५/३/१२	५००००
	जम्मा		**१३५०९५०**
४१.	सामाजिक सुरक्षातर्फ दिनेश महर्जन		१०००
	कुल जम्मा		**६९४४९५०**

२७. **बित्तिय जवाफदेहीताको स्थितिः** लेखापरीक्षण योजना तथा कार्यक्रमको अनुसुची ११ अनुसार कार्यालयको बित्तिय जवाफदेहिताको मूल्या मूल्याङ्कन गरी ४ तहमा ग्रेडिङ गर्नुपर्ने व्यवस्था छ । कार्यालयको व्यवस्थापकिय पक्ष, बित्तिय व्यवस्थापन पक्ष, सेवा प्रवाह र खरिद व्यवस्थापन/बिकास निर्माणको ५/५ सुचांकको सम्बन्धमा कार्यालयको अभिलेख तथा आर्थिक कारोबारको परीक्षण एवं व्यबस्थापन पक्षसँग छलफल गरी मूल्याङ्कन गर्दा कार्यालयको कार्यसम्पादन एंव वित्तिय जवाफदेहिताको मूल्याङ्कन अंक ५५ रहेको छ । कार्यालयले व्यवस्थापकीय, वित्तिय, सेवा प्रवाह तथा खरिद व्यवस्थापन पक्षमा आगामी दिनमा सुधार गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन ध्यान दिनुपर्दछ ।

२८. **बेरुजू** - नगरपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु. १ लाख ९५ हजार,प्रमाण कागजात पेश गर्नुपर्ने रु. ५१ लाख ६८ हजार,सोधभर्ना हुनुपर्ने रु. ७ लाख ९५ हजार र पेश्की रु. ६९ लाख ४५ हजार समेत रु. १ करोड ३१ लाख ३ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट/समायोजन भईरु. १ करोड ३१ लाख ३ हजार बेरुजू कायम भएको छ ।

२९. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

गत वर्षको बेरुजु रकम (रु.) (A)	**यो वर्ष फछ्र्यौट (B)**	**बाँकी(C= A-B)**
३१७१८	**२९२५६**	**२४६२**

सम्परीक्षणवाट कायम गरिएका व्यहोराहरुः

२८.१ कार्यालयले पेश गरेको संपरीक्षण अनुरोध मध्ये आ.व. २०७३।७४ दफा ४१.३ मा उल्लेखित रु. ४०,०००।०० को कार्यक्रम सम्वन्धी प्रस्तावना, सम्झौता, प्रतिवेदन एवं आवश्यक विल भरपाई संलग्न नभएकोले फछ्र्यौट भएन । नियमानुसार कार्यक्रम सम्वन्धी प्रस्तावना, सम्झौता, प्रतिवेदन एवं आवश्यक विल भरपाई संलग्न गर्नु पर्ने रु. ४००००

२८.२ कार्यालयले पेश गरेको संपरीक्षण अनुरोध मध्ये आ.व. २०७३।७४ को दफा ४०.३ मा उल्लेखित रु. २४,५००।०० असुल उपर भएको प्रमाण पेश नभएकोले सम्परीक्षण हुन नसकेको रु. २४५००

३०. **अद्यावधिक बेरुजु स्थिति :** थाहा नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C)	यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D)	यो वर्षको कायम बेरुजु रु. (E)	बाँकी (F= C+D+E) (रु. हजारमा)
२४६२	**०**	**१३१०३**	**१५५६५**

उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असुल फछ्र्यौट गर्नुपर्दछ ।

अनुसूची– १७

स्थानीय तहतर्फको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
संघीय मामिला तथा सामान्य प्रशासन लेखापरीक्षण निर्देशनालय
आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

सि.नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू									
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१.	मकवानपुर	थाहा नगरपालिका	२६	१०	१३१०३	०	०	०	२६	१०	१३१०३	१९५	०	५१६८	०	७९५	५६३	०	६९४५	६९४५

अनुसूची- १

स्थानीय तह सञ्चित कोष विवरण
आर्थिक वर्ष २०७४।७५

प्रदेश नम्बर :-३

(रु.हजारमा)

क्र.सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५+९)
१.	थाहा नगरपालिका	मकवानपुर	२१४३२	२३८४७६	२३४७५२	११००९	**५०५६६९**	२५४३४३	१८७७०२	८०२१	**४५००६६**	**५५६०४**